नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

सूचना व्यवस्थापन शाखा

सिंहदरवार, काठमाडौं
फोन: ४२११९०३, ४२११०७९

**अत्यन्त जरुरी**

प.स. २०७५/०७६
च.नं. ४१२

मितिः-२०७६/०३/११

**बिषय : कार्यायोजना कार्यान्वयनका सम्बन्धमा ।**

श्री जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) – सबै
श्री जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) – सबै

उपर्युक्त सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत श्री सुशिल ज्ञवालीको अध्यक्षतामा मिति २०७६/०२/३१ गते प्राधिकरणमा बसेको बैठकले निजी आवास पुनर्निर्माणको अनुदान लिने समयसिमा तोकी कार्ययोजना स्वीकृत गरेको छ। यसै पत्रसाथ संलग्न उक्त कार्ययोजनाको कार्यान्वयन गर्नु हुन र सो सम्बन्धी आवश्यक सूचना पत्राचार तथा सञ्चार माध्यमहरु प्रयोग गरी लाभग्राहीहरु तथा जिल्लाका सबै स्थानीय तहका वडाहरुसम्म पुरयाउने व्यवस्था तत्काल गर्नुहुन आदेशानुसार अनुरोध गरिन्छ ।

मनोहर घिमिरे
(उप सचिव )

**अवगतार्थ तथा बोधार्थः**

१.श्रीमान् प्रमुख कार्यकारी अधिकृतको सचिवालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।

२.श्रीमान् सचिवज्यूको सचिवालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।

३. श्री महाशाखा प्रमुख, नीति अनुगमन, समन्वय तथा सामाजिक विकास शाखा, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।

४.श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार),ज्वागल ,ललितपुर : उपरोक्त अनुसार गराउन निर्देशन हुन ।

५.श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन), ववरमहल, काठमाण्डौं : उपरोक्त अनुसार गराउन निर्देशन हुन ।

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार, काठमाडौं, २०७२

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले मिति २०७६।०२।१७ देखि २०७६।०२।१९ सम्म आयोजना गरेको पुनर्निर्माण समीक्षा गोष्ठीमा उठेका विषयहरु एवं छलफलका आधारमा तयार गरिएको कार्ययोजना :

| सि.नं. | मुख्य मुख्य कामहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | काम सम्पन्न गर्ने |
|---|---|---|---|---|
| १. | लाभग्राही सूचीमा परेता पनि सम्झौता गर्न नआउनेहरुलाई लाभग्राही सूचीबाट हटाउने बारेको २१ दिने सूचना जारी गर्ने । | निर्देशक समिति | कार्यकारी समिति CLPIU( GMaLI) | २०७६ असार मसान्त |
| २. | अनुदान संझौता गरी पहिलो किस्ता नलिएकाहरुलाई अनुदानको रकम २०७६ असार मसान्त सम्मममा बुझी लिनका लागी सार्वजनिक सूचना मार्फत जानकारी गराउने र नबुझेमा लाभग्राही सूचीबाट हटाउने । | निर्देशक समिति | कार्यकारी समिति CLPIU( GMaLI) | २०७६ असार मसान्त |
| ३. | २०७५ असार मसान्त सम्ममा प्रथम किस्ता लिएर दोस्रो किस्ता लिन नआउनेहरुलाई अन्तिम मौका दिने । | निर्देशक समिति | कार्यकारी समिति, CLPIU(( GMaLI) | २०७६ कार्तिक मसान्त |
| ४. | २०७५ असार मसान्त सम्ममा दोस्रो किस्ता लिएर तेस्रो किस्ता लिन नआउनेहरुलाई अन्तिम मौका दिने । | निर्देशक समिति | कार्यकारी समिति, CLPIU( GMaLI) | २०७६ माघ मसान्त |
| ५. | जोखिम वर्ग लगायत गुनासो सम्बोधनबाट थपिएका लाभग्राहीहरुले प्रथम किस्ता लिई सक्नु पर्ने । | निर्देशक समिति | कार्यकारी समिति, CLPIU( GMaLI) | २०७६ कार्तिक मसान्त |
| ६. | छुट तथा पुनः जाँच सर्वेक्षणबाट प्राप्त विवरणको screening गर्ने क्रममा आवश्यक पर्ने आधारहरु सहित मापदण्ड तयार गर्ने । | निर्देशक समिति | केन्द्रिय गुनासो समिति | २०७६ आषाढ मसान्त |
| ७. | हालसम्मको निजी आवास पुनर्निर्माण कार्यको Digitization कार्यलाई पूर्णता दिने । | CLPIU(Building), CLPIU( GMaLI) | EHRP PMU DLPIU(Building) DLPIU( GMaLI) | २०७६ आषाढ मसान्त |
| ८. | प्राविधिक पुग्नु अगावै वनेका घरको विवरण प्राधिकरणमा पेश | CLPIU(Building), CLPIU( GMaLI) | आवास महाशाखा DLPIU(Building) DLPIU( GMaLI) | २०७६ आषाढ १५ |

| | | | | |
|---|---|---|---|---|
| | गर्ने । | | | |
| ९. | एक कोठे निजी आवासको सम्वन्धमा रणनीति तयार गर्ने । | प्राविधिक समिति | आवास महाशाखा CLPIU(Building) | २०७६ आषाढ मसान्त |
| १०. | दोस्रो किस्ता प्राप्त गर्नेले ऋण नपाउने व्यवस्थाले निजी आवास पुनर्निर्माण शुरु नभएको कारण नीतिगत संशोधन गर्न अनुरोध गर्ने । | अर्थ मन्त्रालय | योजना महाशाखा कार्यकारी समिति | २०७६ आषाढ मसान्त |
| ११. | प्रवलीकरणका लाभग्राहीहरुलाई प्राविधिक सहयोग उपलब्ध गराउने प्रस्ताव पेश गर्ने । | CLPIU(Building) | UNOPS, Build change | २०७६ आषाढ मसान्त |
| १२. | जोखिम वर्गको अद्यावधिक विवरण प्राधिकरणमा उपलब्ध गराउने । | CLPIU( GMaLI) | DLPIU(GMaLI), वडा/ पालिका | २०७६ भाद्र मसान्त |
| १३. | सम्पदा, सम्पदा वस्ती एवं शहरी आवासको गतिलाई तीव्रता दिन एक गोष्ठी आयोजना गर्ने । | सम्पदा शाखा, रा.पु.प्रा. | CLPIU(Building) पुरातत्व विभाग | २०७६ श्रावणको पहिलो हप्ता |
| १४. | गै.स.स.को कामको प्रभावकारी अनुगमनको व्यवस्था गरी प्रतिवेदन पेश गर्ने । साथै NGO progress Tracking System बनाउने । | गै.स.स. शाखा, रा.पु.प्रा. | CLPIU ( GMaLI) CLPIU(Education) CLPIU(Building) | त्रैमासिक रुपमा । प्रथम विवरण २०७६ आषाढ १५ भित्र पेश गर्ने |
| १५. | रा.पु.प्रा. बाट सञ्चालित विभिन्न कार्यक्रमको प्रभावकारी अनुगमनको व्यवस्था गरी प्रतिवेदन पेश गर्ने । साथै NRA progress Tracking System बनाउने । | योजना शाखा, रा.पु.प्रा. | CLPIU(सबै) | त्रैमासिक रुपमा । प्रथम विवरण २०७६ आषाढ १५ भित्र पेश गर्ने |
| १६. | आगामी आर्थिक वर्षमा आवश्यक दरवन्दी र संगठनको स्वरुपको प्रस्ताव पेश गर्ने । | जनशक्ति महाशाखा रा.पु.प्रा. | CLPIU ( GMaLI) CLPIU (Education) CLPIU(Building) DLPIU(सबै) | २०७६ आषाढ मसान्त |